
परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक




❑ वर्ष १४ ❑ अंक २९ २०८२ फागुन ३ आईतवार Sunday, 15 FEB 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## प्रतिनिधीसभा निर्वाचन : मोरंग-५ गठबन्धन विनाको भिडन्त कस्ले मार्लाबाजी


डा. शेखर कोईराला
नेपाली काँगेस


विनोद ढकाल
नेकपा (एमाले)


रुविना आचार्य
रास्वपा


ओपेन्द्र कुमार राय
नेकपा

विराटनगर । पहिले पहिले भएको प्रनिनिधी सभाको निर्वाचन भन्दा आउने फागुन २१ गते हुने निर्वाचनका दृष्य फरक देखिएको छ । त्यो दृष्य हो गठबन्धन विनाको निर्वाचन, दुई वा दुई भन्दा वढी पार्टीहरुले मिलेर निर्वाचनमा जाँदा सहजै को जित्ने हो साझै अडकलवाजी (भविष्यवाणी) गरिन्थ्यो । तर यस पटको निर्वाचन मा त्यस्तो भविष्यवानी नत उम्मेदवार, नत मतदाता, नत पार्टीका नेताले गर्न सक्छ ।

मोरंगको क्षेत्र नं. ६ मा चर्चामा रहेका उम्मेदावरहरुमा नेपाली काँग्रेसका डा.शेखर कोईराला, नेपाल कप्युनिष्ट पार्टी एमालेका विनोद ढकाल, राष्ट्रिय स्वतन्त्र पार्टीकी रुविना आचार्य र नेपाली कम्युनिष्ट पार्टीका ओपेन्द्रकुमार राय विच प्रतिस्पधा हुने मतदाताहरुले अड्कलवाजी गरि रहेका छन् ।

नेपाली काँग्रेसका उम्मेदावर डा. शेखर कोईराल प्रतिनिधी सभा निर्वाचन २०७९ सालमा नेकपा एमालेका लालवाबु पण्डितलाई पराजित गरी विजय भएका थिए । त्यसैगरी नेकपा एमालेका उम्मेदवार विनोद ढकाल मोरंग क्षेत्र नं. ४ मा अमनलाल मोदीसंग पराजित भएका थिए । राष्ट्रिय स्वतन्त्र पार्टीकी रुविना आचार्य र नेपाली कम्युनिष्ट पार्टीका ओपेन्द्रकुमार राय नयाँ अनुहारका उम्मेदवार हरु हुन् ।

सत्ता सुख भोगि सकेका भन्दा पनि नयाँ अनुहार जनताको रोजाईमा भएकोले डा.कोईरालाई चुनौति थपिएको छ । उम्मेदवार ढकाल मतदाताको बीच राम्रा पकड भएको भएपनि राष्ट्रिय स्वतन्त्र पार्टीकी रुविना आचार्यले चुनौति थपेको अवस्था छ । पूर्व माओवादी हालको नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार ओपेन्द्रकुमार राय मधेशी समुदायको भएकोले मधेशी समुदायको भोट धेरै भएकोले कस्ले बार्जी मार्छ भन्ने अवस्था छैन । चुनाव पछिको मत परिणामले मात्र जीत कस्को पोल्टामा पर्छ त्यती वेला नै थाहा हुनेछ भन्ने आम मतदाताको बुझाई छ ।

मोरंग क्षेत्र नं. ६ मा २० जनाले उम्मेदवारी दर्ता गराएको मध्ये ४ जना स्वतन्त्र सहित राप्रपाबाट सविन निरौला, मंगोल नेशनल अर्गनाईजेसनबाट अनु मगर, नेकपा माओवादीबाट कुमारप्रसाद खतिवडा, नेमकिपा बाट तिलकराम राजवंशी, सार्वभौम नागरिक पार्टीबाट प्रिति झा, आम जनता पार्टीबाट बद्री पासवान, नागरिक उन्मुक्ति पार्टीबाट बलराम खवास, उज्यालो नेपालबाट बसन्त

वांकी अन्तिम पेजमा...

## एकै दिनमा ६ वटा वडामा सम्पर्क कार्यालय समुद्घाटन

विराटनगर । मोरंग क्षेत्र नं. ५ प्रतिनिधिसभा सदस्यका उम्मेदवार नेपाल कम्युनिस्ट पार्टी (एमाले) का मनोज कुमार अग्रवालले विराटनगर महानगरपालिकाको ६ वटा वडामा एकै दिन सम्पर्क कार्यालयको समुद्घाटन गरेका छन् ।

मोरंग क्षेत्र नं. ५ मा पर्ने विराटनगर महानगरपालिका वडा नं. १३,१४,१५,१६,१७, १८ गरी ६ ठाउँमा नेकपा एमालेको सम्पर्क कार्यालय उद्घाटन समारोहका प्रमुख अतिथि एवम् उम्मेदवार अग्रवालले समुद्घाटन गरेको हो ।

कार्यलय समुद्घाटन गर्दै उम्मेदवार अग्रवालले भने मतदातासंग प्रत्यक्ष भेटघाट, मतदातासँग भोट माग्नेका, मतदाताको गुनासो सुन्ने काम यहीवाट हुन्छ । मोरंगको ६ वटा क्षेत्रमा हरेक हिसाबले कमजोर क्षेत्रबाट धेरैले जितेर गए तर कसैले पनि विकास नगरेको गुनासो आममत दाताको छ । आफु जितेर गए मोरंग-५ मा स्वास्थ, शिक्षा, कृषि, धार्मिक धरोहर ग्रामथान,मठ,मन्दिर, मस्जिद लागायत धार्मिक स्थलहरूको कयापलट हुने गरी संरक्षण र सम्बर्द्धन गर्ने प्रतिवद्धता जनाए ।

विराटनगर महानगरपालिका वडा नं. १३ सैनिक टोल, वडा नं. १४ भागवती टोल, वडा नं. १५ हडतालिहाट, वडा नं. १६ रानी युवा क्लव अगाडि, वडा नं. १७ रानी चौक दिलसाज आलमको घर र वडा नं. १८ आइपिसी चौकमा सम्पर्क कार्यालय समुद्घाटन गरेका छन् ।

समुद्धटन कार्यक्रम मै दर्जनौ यूवाहरू पार्टी प्रवेश गरेकाले उनीहरूलाई खादा र अवीर लगाएर उम्मेदवार अग्रवालले सम्मान गरेका थिए ।

सम्पर्क कार्यालय समुद्घाटन कार्यक्रममा नेकपा एमालेका नेताहरू भुराज राई, रामलाल साह, डा. उद्दव पोखरेल, माननीय गितारानी महतो, जय प्रकाश महतो लगायत नेतागण र मतदाताहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

## परालमुनी खाल्डो, खाल्डोमा २७५ केजी गाँजा

विराटनगर । परालमुनी खाल्डो, खाल्डोमा पुरिएर र ाखिएको २५७ केजी गाँजा नेपाल प्रहरी, सशस्त्र प्रहरीको संयुक्त टोलीले वरामद गरकोछ ।

सशस्त्र प्रहरी वल,नेपाल सीमा सुरक्षा गुल्म हेडक्वाटर रानी, बार्डर आउट पोष्ट ( बि.ओ.पि.) दरैया र विओपि. मधुमल्लको संयुक्त टोली आज बिहान ५ बजे २७५.८ किलो ग्राम गाजा बरामद गरेको छ ।

जिल्ला मोरङ जहदा भुटाहा १ नया टोल वाट परालको टौवा मुनी खाल्डो मुनी गाँजा लुकाएर राखेको अवस्थामा गुल्म रानीका गुल्मपति सशस्त्र प्रहरी नायव उपरीक्षक तिलक खडकाको कमाण्डमा खटियको सुरक्षा फौज द्वारा वरामद गरीएको थियो । साथै उक्त कार्यमा संलग्न व्यक्ति जहदा-१ भुटाहा नया टोल वस्ने वर्ष २८ को चन्दन कुमार शाह लाइ नियन्त्रणमा लिएको थियो ।

उक्त लागुऔषध सम्बन्धमा अनुसन्धान भई रहेको छ साथै अन्य व्यक्तिहरूको खोजी भईरहेको बार्डर आउट पोष्ट (बि.ओ.पि.) दरैयाका ईन्सपेक्टर शंकर कोईरालाले जानकारी दिएका थिए ।

## रंगेलीका दर्जनौ जेनजी यूवा नेकपा एमालेमा प्रवेश

रंगेली । भदौ २३ र २४ गते जेनजी यूवाहरुले गरेको आन्दोलनमा केही अराजक व्यक्तिहरुले रंगेली नगरपालिका वडा नं. ४ कार्यालयमा आगो लगाउन आएकाहरुलाई भगाउने दर्जनौ जेनजी समुह नेपाल कम्युनिष्ट पार्टी (एमाले) मा प्रवेश गरेका छन् ।

नेकपा एमाले पार्टी रंगेली नगरपालिका कमिटीले वडा नं. ४ मा गरेको वडा विस्तारीत भेलाको अवसर पारेर करीब ५० जना जेनजी समूहका यूवाहरु नेकपा एमालेमा प्रवेश गरेका छन् ।

बौद्धिक तथा पेशाकर्मी निर्वाचण परिचालन समितिका संयोजक डा.उद्धव पोखरेल, नेकपा एमालेका नेता रामलाल साह, रुपेश मण्डल, उम्मेदवार मनोज अग्रवाल लगायतले ती यूवाहरुलाई खादा र अवीर लगाएर पार्टी प्रवेश गराएका थिए ।

ती यूवाहरुले भने हाम्रो सालिन, इमान्दार, झुठो नबोल्ने, कम बोल्ने बढी काम गरेर देखाउने यूवा उम्मेदवार मनोज अग्रवालको आकर्षण बढदै गएको छ । अग्रवाललाई जिताउन हामी जेनजी यूवाहरु मैदानमा होमी सकेको प्रतिक्रिया दिए ।

अहिले सम्म जितेर गएका उम्मेदवारहरुले मोरंग क्षेत्र नं. ५ मा खासै विकास गर्न सकेन । मनोज अग्रवालले क्षेत्र नं. ५ का कायापलट हुने गरी विकास गर्न प्रतिवद्धता जनाएकाले हामी सवै यूवा अग्रवाललाई जिताउने अभियानमा लागि सकेको यूवाहरुले वताए ।

उम्मेदवार मनोज अग्रवालले रंगेली नगरपालिका वडा नं. ६ मा घरदैलो अभियानमा जनताको समस्याहरु संकलन गर्दै आफुलाई मतदान गर्न आम मतदाताहरुलाई आग्रह गरेका छन् ।

वडाका बासिन्दाहरुले अहिले

वांकी अन्तिम पेजमा...



## एभरेष्ट...

सहभागिता जनाउँदै सिक्ने अवसर प्राप्त गरेका थिए । सेन्टर परिसरमा अवस्थित डायनासोर सङ्ग्रहालयको अवलोकन, 'यो जादु हो कि जादु होइन' शीर्षकको विशेष विज्ञान कार्यक्रमले विद्यार्थीहरूमा वैज्ञानिक सोच र जिज्ञासा अभिवृद्धि गरेको जनाइएको छ ।

त्यसैगरी, विद्यार्थीहरूलाई सुनसरीस्थित कोशी टप्पु वन्यजन्तु आरक्षमा शैक्षिक अवलोकन भ्रमण गराइएको थियो । भ्रमणका क्रममा अर्ना, विभिन्न प्रजातिका चरा, हात्ती, गोही तथा डल्फिन लगायतका वन्यजन्तुहरू प्रत्यक्ष अवलोकन गराइएको थियो । जसले जैविक विविधता र वातावरण संरक्षण सम्बन्धी व्यवहारिक ज्ञान प्रदान गरेको आयोजकको भनाइ छ ।

रजत जयन्ती समारोहका अवसरमा विद्यार्थीहरूको स्वास्थ्यलाई प्राथमिकता दिँदै नेपाल स्वस्थ फुड इन्डस्ट्रिज प्रा. लि. विराटनगर-५, मोरङ ले "पौष्टिक तत्वयुक्त खाजा, गुणस्तरीय शिक्षा" भन्ने नारासहित पौष्टिक परिकार वितरण गरेको थियो । कम्पनीले खिर तथा खिचडी जस्ता पोषणयुक्त खाना उपलब्ध गराउँदै शैक्षिक कार्यक्रमसँगै स्वस्थ आहारको सन्देश प्रवाह गरेको जनाएको छ ।

साँझपख 'रुद्राक्ष ब्याण्ड'द्वारा प्रस्तुत सांगीतिक कार्यक्रमले समारोहलाई थप उत्साहपूर्ण बनाएको थियो । रातिको समयमा दूरबिनमार्फत तारा तथा ग्रहहरूको अवलोकन कार्यक्रम सञ्चालन गरिएको थियो । जसले सहभागी हरूलाई खगोल विज्ञानको प्रत्यक्ष अनुभव दिलाएको थियो ।

उक्त कार्यक्रममा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले अवलोकन तथा भ्रमण गर्नुभएको थियो । सो अवसरमा उहाँले पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा एभरेष्ट साइन्स सेन्टर नेपालको लोगो अंकित टि-सर्ट तथा भेस्टको अनावरण समेत गर्नुभएको थियो ।

एभरेष्ट साइन्स सेन्टर नेपालका निर्देशक तथा सीईओ कार्यकारी प्रमुख डा. दिलिप कुमार अधिकारीले रजत जयन्ती समारोह सफलतापूर्वक सम्पन्न भएकोमा खुसी व्यक्त गर्दै सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक तथा सहयोगी संस्थाहरूलाई विशेष धन्यवाद दिनुभएको थियो । उहाँले सबैको सक्रिय सहभागिता र सहकार्यका कारण कार्यक्रम ऐतिहासिक र उपलब्धिमूलक रूपमा सम्पन्न भएको बताए ।

एकै स्थानमा विज्ञान, अन्तरिक्ष, शैक्षिक तथा मनोरञ्जनात्मक गतिविधि समेटिएको उक्त कार्यक्रमलाई नेपालमै दुर्लभ अवसरका रूपमा लिइएको छ । आयोजकले भविष्यमा समेत यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको थियो ।

## महिला...

उद्यम समितिकी संयोजकहरु, सदस्यहरु, महिलाउद्यमीहरु, सञ्चारकर्मीहरु लगायतको उल्लेख्य उपस्थिति रहेको थियो ।

मोरङ उद्योग व्यापार संघको महिलाउद्यम समिति संयोजक श्रुति शर्माले संघको महिला उद्यम समिति सदैव महिला उद्यमीहरुको सशक्तिकरण, क्षमता अभिवृद्धि, आत्मनिर्भरता तथा व्यवसायिक विकासका कार्यहरु मा अग्रसर रहँदै आएको र महिला उद्यमीहरुलाई आवश्यक पर्ने ज्ञान, सीप, अवसर र सहकार्यको वातावरण सिर्जना गर्न आफ्नो समितिले निरन्तर रुपमा अभिमुखि करण, तालिम, अन्तरक्रिया लगायतका सहयोगात्मक कार्यक्रमहरु सञ्चालन गर्दै आएको बताएको थियो । साथै, महिला उद्यमीहरुलाई आर्थिक रुपमा सक्षम, आत्मविश्वासी र दिगो व्यवसाय सञ्चालन गर्न सक्षम बनाउन आफू सधैं प्रयासरत रहेको बताउँदै संयोजक शर्माले हालको परिवर्तित र प्रतिस्पर्धात्मक व्यवसायिक परिवेशमा महिलाहरुको भूमिका झन् महत्वपूर्ण बन्दै गएको जनानकारी गराउँदै अभिमुखि करण सम्पन्न भएको थियो ।

## लागुऔषध...

फेला पारी चालक शिवसताक्षी-२ का दिल कुमार विश्वकर्मा, सवार गौरादह-८ का अमन ताजपुरिया, धरान-१६ का दिपा परियार र बेलबारी-९ की पार्वती चौधरीलाई नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी सुनसरीको इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरी टोलीले बराहक्षेत्र-५ कालाबन्जार चोक स्थितबाट बराहक्षेत्र-६ का सुमित संजय गुप्तालाई प्रतिबन्धित औषधी ९५ पिस र स्कुफ २ बोतल सहित नियन्त्रणमा लिएको थियो । पक्राउ परेका सबैजनाको सम्बन्धमा सम्बन्धीत प्रहरी कार्यालयबाट थप अनुसन्धान भई रहेको छ ।

## रंगेलीका...

पनि नागरिकता बनाउन समस्याकै कारण धेरै जना नागरिकतावाट वन्चित रहेको, घर बसोवास छ वाटो छैन, कृषि, स्वास्थ्य, शिक्षा अव्यवस्थित रहेको गुनासो गर्दै धेरैले क्षेत्र नं. ५ वाट जितेर गए तर जनताको समस्या जहाँको त्यही छ । सबै नेताले अश्वासन मात्रै बाडे काम कसैले पनि नगरको गुनासो गरेका थिए ।

तपाई पनि त्यस्तै गर्नु हुन्छ कि भन्ने आम मतदातको प्रश्नमा कहाँबाट कुन पार्टी कुन नेता के गरे म भन्दिन म जितेर गएमा क्षेत्र नं. ५ को कयापल हुने गरे शिक्षा, स्वास्थ्य, कृषि विकास गर्ने प्रतिवद्धता जनाउँदै यस क्षेत्रबाट उम्मेदवारी दिएका एकपटक, दुईपटक अवसर पाए केही गरेन त्यसले एकपटट मलाई अवसर दिन आग्रह गरेका थिए ।

वडा नं. ६ का पूर्व वडा अध्यक्ष रुपेश मण्डलले गरेको आवास निर्माण लगायतको कार्यको मतदाताहरुले सराहनिय काम गरेकोमा धन्यवाद दिदै अग्रवाललाई जिताउन लागि पर्ने आम मतदाताको भनाई थियो ।

## प्रतिनिधीसभा...

बुढाथोकी, जसपाबाट महमद जाविर, श्रम संस्कृति पार्टीबाट मातृका पौडेल, जसपा नेपालबाट राजु मण्डल राजवंशी, जनमतबाट सुधराम माझीले उम्मेदवारी दर्ता गराएका छन् । स्वतन्त्रबाट राम खत्री, खडानन्द रिजाल, किरण खड्का र उत्तम दाहालले उम्मेदवारी दिएका छन् । मोरङमा ७ लाख ८३ हजार ५० जना मतदाता रहेका छन् ।

मोरङ ६ मा बुढीगंगा गाउँपालिका, सुन्दरहरैंचा नगरपालिकाका २ देखि ७ नम्बर वडा र विराटनगर महानगरपालिकाका ४, ५, ६, ७, ९, ११ र १२ नम्बर वडा समेटिएका छन् । कुल मतदाता संख्या १ लाख ३७ हजार ८३२ जना मतदाता छन् ।


## प्रतिनिधीसभा सदस्यको निर्वाचन सहभागी बनौं ।

- प्रतिनिधीसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते विहीवार हुदैछ ।
- मतदान बिहान ७:०० देखि साँझ ५:०० बजेसम्म हुनेछ ।
- निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं ।
- निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वासनीय र भयर हित बनाउन सबै पक्षबाट सहयोग गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

## चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं ।

जाडो तथा चिसोको समयमा,
- मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापाखाला, छाला सुख्खा हुने, जोर्नी दुखाई, पिनास, टन्सिल, हृदयघात लगायतका स्वास्थ्य लगायतका समस्या देखा पर्न सक्छन् ।
- बालबालिका, वृद्धवृद्धा तथा दीर्घ रोगीहरु बढी प्रभावित हुन सक्छन् ।
- चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाउऔं ।
- तातो, पोसिलो, झोलिलो खाने कुरा खाऔ र खुवाऔं ।
- शारिरीक वयाम गरौं, धुम्रपान र मद्यपान नगरौं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- नियमित घाम ताप्ने गरौं ।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।

वडा अध्यक्ष : अर्जुन गिरी
१० नं. वडा कार्यालय विराटनग महानगरपालिका, मोरंग

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौं ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं ।
- सार्वजनिक स्थलमा जतातत‍ै फोहोरमैला नफालौं ।


परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक

प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रकः बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# अमूल्य मतको प्रयोग गरौं

लोकतान्त्र भएको मुलुकमा निर्वाचन अनिवार्य हो। नेपालको सन्दर्भमा २०७९ सालमा प्रतिनिधी सभाको निर्वाचन पछि प्रतिनिधीसभा सदस्यको अवधी ५ वर्षको हुँदा २०८४ मा हुने निर्वाचन भन्दौ २३ र २४ गते भएको जेनजी यूवा समुहको आन्दालेल सो भन्दा अगावै अर्थात आउने फागुन २१ निर्वाचन हुँदैछ। यस भन्दा अघिको निर्वाचनमा पठाएका जनप्रतिनिधीहरुले आम मतदातो चाहना अनुसार कामन गर्न नसकेको र देशभा भ्रष्टार व्यप्त भएकोले त्यसको अन्तका लाग जेनजी यूवाहरु आन्दलन गरेको थिए। मत तपाईको हातमा छ कस्तो प्रतिनिधी छन्ने आफै विचार गरी अमूल्य मतदान गरौ जसले गर्दा अगामी दिनमा फेरी जेनजी यूवा समूहले आन्दोन गर्न नपरोस। राष्ट्रको दिशा, नेतृत्वको चयन र भविष्यको निर्धारण गर्ने अमूल्य अधिकार हो। त्यसैले निर्वाचनमा मत प्रयोग गर्नु कर्तव्य मात्र होइन, जिम्मेवारी र चेतनाको परीक्षणको विही पनि हो।

निर्वाचनको बेला प्रलोभन, जातीयता, क्षेत्रीयता, व्यक्तिगत स्वार्थ र क्षणिक लाभका आधारमा मत दिने प्रवृत्ति पनि देखिन्छ। यस्ता प्रवृत्तिले लोकतन्त्रलाई विकृत बनाउँछ। मतदाता सचेत भएनन् भने असक्षम, भ्रष्ट र जनताप्रति उत्तरदायी नभएका प्रतिनिधिहरू सत्तामा पुग्ने सम्भावना बढ्छ। त्यसैले उम्मेदवारको विचार, नीतिगत दृष्टिकोण, विगतको कार्यसम्पादन र जनप्रतिबद्धताको गहिरो मूल्याङ्कन गरेर मात्र मतदान गर्नु अहिलेको आवश्यकता हो। निर्वाचन आयोगले आचारसंहिता लागू गर्छ, दलहरू घोषणापत्र सार्वजनिक गर्छन्, तर अन्तिम निर्णय मतदाताकै हातमा हुन्छ।

निर्वाचनमा अमूल्य मतको प्रयोग गर्नु हाम्रो साझा दायित्व हो। मत बेच्ने होइन, मतको मूल्य बुझ्ने संस्कार विकास गर्नुपर्छ। लोकतन्त्र बलियो बनाउने कि कमजोर बनाउने भन्ने निर्णय मतदाताकै हातमा छ। आउँदो निर्वाचनमा विवेकपूर्ण निर्णय गर्दै, अमूल्य मतको सही प्रयोग गरौं। यही नै समृद्ध, स्थिर र उत्तरदायी शासनको आधार हुनेछ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# कस्तो नेता छान्ने ?

***यसपटक चुनावमा प्रश्न एउटै हुनुपर्छ- यो व्यक्ति जितेपछि म, मेरो समाज र क्षेत्र पाँच वर्षपछि कहाँ हुनेछ!हुनेछौं ? यही प्रश्नको इमानदार उत्तरले मात्र सही उम्मेदवार छनोट गर्न मद्दत गर्नेछ।***

**विष्णु वेलवासे**

छोरालाई पिए राखेको खुलासा पछि सार्वजनिक वृत्तमा स्वच्छ र सरल छवि भएका एक प्रदेश सांसद परिवारलाई तनाव भयो। हतारहतार छोरालाई पदबाट राजीनामा गर्न लगाइयो। बाहिरिएको सूचना लाई हल्लाको संज्ञा दिंदै खण्डन गरेर विज्ञप्ति नै जारी गरियो। सचिवालयमा छोरालाई नियुक्त गरेको खबर विरोधिहरुले फैलाएको प्रचार गर्दै ती सांसदले आफूलाई शुद्धीकरणको प्रयास गर्न समेत भ्याए।

लुम्बिनी प्रदेशका एक पालिका प्रमुखले निजी विद्यालय मा अध्ययनरत छोरालाई हठात्रुपमा सार्वजनिक विद्यालय मा भर्ना गरे। पार्टीको निर्णय र सार्वजनिक शिक्षाको गुणस्तर बढाउने उद्देश्यलाई व्यवहारमा कार्यान्वयन गरिएको भन्दै गर्व गरे। आफ्नो पालिका अन्तर्गतको सार्वजनिक शिक्षाको गुणस्तर निजी सरह हुने उद्घोष समेत गर्न भ्याए। तर, उनको निर्णय एक वर्ष पनि टिकेन। छोरोलाई फेरी निजी विद्यालयमै फर्काए। तर यसपालि भने निजीबाट सार्वजनिकमा लैजाँदाजस्तो प्रचार गर्ने रुचि जगाएनन्। अरुले थाहा पाउने हुन् की भन्दै आफ्नो पछिल्लो निर्णय लुकाउनमै जोडबल गरे।

यस्तै अर्को घटना मधेश प्रदेशमा भएको छ। त्यहाँको एउटा पालिकामा एउटा शीर्षकको बजेट अर्कोमा खर्च भएको सूचना बाहिरियो। सामाजिक सञ्जालमा समेत कुरा उठे, उठाइयो। त्यसका विषयमा स्पष्टीकरण दिँदै पालिका प्रमुखले भने- मलाई केही थाहै छैन। जानी-जानी गल्ती गरेकै छैन। कसम खान्छु। कर्मचारीले गल्ती गरेका भए म जान्दिनँ तर म चोखो छुँ।

माथि उल्लेख गरिएका दृष्टान्तहरु हाम्रा जनप्रतिनिधिका हुन्। यस्तो प्रवृत्ति तिनै तहमा छ। मुखले एउटा कुरा भन्ने र व्यवहारमा अर्कै गर्ने नेताहरुको प्रवृत्ति नै दोगला प्रवृत्ति हो। वचनमा सुनिश्चितता नभएका जनप्रतिनिधिकै कारण जनता जिल्लिन परिरहेको छ। जसले राजनीतिप्रतिको आम धारणालाई नकारात्मक बनाउन सहयोग खेलिरहेको छ। आफूले नेतृत्व गरेको संस्था वा निकायले गरेको राम्रो कामको जस लिन होडबाजी गर्नेले त्यहाँबाट हुने वा भए गरेका नकारात्मक कामको समेत जिम्मेवारी लिने नैतिकता भने देखाउनै पर्छ।

उदेकलाग्दो उम्मेदवार चयन

नेपालमा आमनिर्वाचन संविधानले तोकेको पाँच वर्षे चक्रमा हुनुपर्छ। तर हाम्रो लोकतान्त्रिक अभ्यासले यो संवैधानिक प्रावधानलाई सम्मान गर्न सकेको छैन। बहुदलीय व्यवस्थापछिका वर्षहरूमा सरकार ढल्नु, संसद् विघटन, द्वन्द्व र संक्रमणकालका कारण चुनाव समयअघि वा ढिलो हुँदै आयो। यसले संस्थागत स्थिरता कमजोर बनायो र जनविश्वास मा दरार पारेको तथ्य अस्वीकार गर्न सकिँदैन।

२०७२ को संविधान पछि २०७४ र २०७९ मा प्रतिनिधि सभा निर्वाचन तोकिएकै समयमा सम्पन्न हुनु सकारात्मक संकेत थियो। समयमै चुनाव हुनु केवल संवैधानिक कर्तव्य मात्र होइन, लोकतन्त्रको भरोसा पुनर्स्थापित गर्ने आधार पनि हो। निर्वाचन चक्रको नियमितताले नै सुशासन, नीतिगत निरन्तरता, शासनको उत्तरदायित्व र राजनीतिक संस्कारलाई बलियो बनाउँछ। जनादेशको पनि सम्मान हुन्छ।

कस्तो व्यक्तिलाई चुनावमा उम्मेदवारी दिने ? भन्ने प्रश्नमा फरक-फरक धारणा रहनु स्वभाविक हो। ज्येष्ठ नागरिक हुन लागेका कार्यकर्ताहरु भन्छन्- पार्टीमा लामो समय योगदान गरेकालाई टिकट दिइनु पर्छ। युवाहरु भन्छन्- योगदान मात्र भनेर हुँदैन, स्वच्छ छविको हुनु पर्छ।

उम्मेदवार छनौटमा मुलुकका ठूला राजनीतिक दलभित्र हुने खिचातानी उदेकलाग्दो छ। पार्टी नेतृत्वप्रति को बफादारितालाई योग्यताको पहिलो मापदण्ड बनाइएको छ। पार्टीमा योगदान गरेको भन्दै उम्मेदवार बनाउँदा निर्वाचित भएपछि आफू र आफ्ना नातेदारको उत्थानमा समर्पित भएको छताछुल्ल छ। स्वच्छ छविको भनेर टिकट पाएर चुनाव जितेकाहरुको विशेष अदालतमा भ्रष्टाचारको मुद्दा खेप्नु परिरहेका दृष्टान्तहरु हामी सामु छन्।

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा उम्मेदवार भई कानून बमोजिम निर्वाचन खर्चको विवरण नबुझाउने र बिलम्ब गरी बुझाउनेहरु कोशी, मधेश, गण्डकी र बाग्मती प्रदेशमा बढी देखिएका छन्। यी चार प्रदेशका कुल २ सय ४ जना निर्वाचित र पराजित दुवै खालका उम्मेदवारले निर्वाचन खर्च समेत समयमै निर्वाचन आयोगमा बुझाउने जाँगर समेत गरेनन्। निर्वाचन आयोगले सूचना जारी गरेपछि बुझाएको स्पष्टीकरण समेत चित्तबुझ्दो हुन सकेन।

महानगरपालिकाका प्रमुख तथा उम्मेदवारको हकमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २४ बमोजिम आयोगले निर्धारण गरेको खर्चको हद अनुसार हुने गरी सोही ऐनको दफा २६ को उपदफा (१) बमोजिम ७ लाख ५० हजार जरिवाना ठहर गर्यो। जरिवाना तिर्नुपर्नेमा बिराटनगर महानगर पालिकाका निर्वाचित नगरप्रमुख नागेश कोइरालादेखि काठमाडौं महानगरपालिकाको प्रमुखमा पराजित नेकपा एमालेका केशव स्थापितसम्म छन्।

हो, उमेरले कपाल फुलेका होउन् वा जोशले भरिएका युवा, सबैका तर्कहरु आ-आफ्ना ठाउँमा ठिक होलान्। यसमा यो पंक्तिकार तर्कवितर्क गर्न चाहन्न। तर, अहिले परिवार वा पार्टीको घेराबाट माथि उठि मुलुकलाई योगदान गर्ने स्वच्छ छवि सहितको समन्वयकारी एवं जनताप्रति जवाफदेही हुने उम्मेदवार छनौट गर्नुपर्ने टड्कारो खाँचो छ।

कस्तो नेता छान्ने ?

स्वच्छ, स्वतन्त्र र विश्वसनीय आवधिक निर्वाचन भएमा मात्र लोकतन्त्र सबल हुन्छ। किनकी, लोकतन्त्रमा चुनावले सुशासन र स्थिरता दिने विश्वास गरिएको हुन्छ। तर, दुर्भाग्य नेपालमा कुनै पनि सरकार पाँच वर्षसम्म टिक्न सकेको छैन।

कस्तो नेता छान्ने ? भन्ने प्रश्नको जवाफ विकसितदेखि नेपाल जस्ता विकासशील मुलुकका जनता अन्यौलमा छन्। लोकतान्त्रिक शासन प्रणाली भएका मुलुकमा हरेक चार वा पाँच वर्षमा चुनाव हुन्छ, हुनैपर्छ। जस्तो अमेरिकामा राष्ट्रपति चुनाव हरेक चार/चार वर्षमा हुन्छ। त्यो पनि नोभेम्बर महिनामा नै हुन्छ। छिमेकी मुलुक भारतमा पनि लोकसभाको कार्यकाल पाँच वर्षको छ। आपतकाल वा राजनीतिक अस्थिरतालाई छोड्ने हो भने भारतमा पनि हरेक पाँच/पाँच वर्षमा आमनिर्वाचन हुन्छ।

नेपालमा आम निर्वाचन संविधानतः पाँच वर्षमा हुन्छ। तर विगतमा राजनीतिक अस्थिरता, संसद विघटन र संक्रमणकालका कारण धेरै पटक समयमै हुन सकेन। २०७४ सालपछि २०७९ सालमा निर्वाचन भयो। तर, अहिले पाँच वर्ष नपुग्दै २०८२ साल फागुनमै आमनिर्वाचनको मिति तोकिएको छ।

त्यस्तै स्थानीय तहको चुनावको पनि टुंगो हुँदैन। पञ्चायतकालमा २०३८ साल र २०४३ सालमा स्थानीय निकायको निर्वाचन भएको थियो। २०४६ सालको राजनीतिक परिवर्तन पछि २०४९ र २०५४ सालमा चुनाव भयो। २०६२ साल माघमा तत्कालीन राजा ज्ञानेन्द्रले नगरपालिकाको

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

क्राईम अपरेशन

# मोरङ्गको धनपालथान गाउँपालिका वडा नं. ३ मा रहेका ग्रामथानको परिचय

श्याम सुन्दर सुतिहार

**५. भलुवा राजा ग्रामथान**

धनपालथान गाउँपालिका वडा नं. ३ को डकुवाडंगा टोलमा, सडकदेखि दक्षिणतर्फ, खेतीको बीचमा रहेको भलुवा राजा ग्रामथानमा प्रत्येक वर्ष वैशाख २१ गते पूजापाठ र मेला लाग्ने गर्दछ। ५६वर्षीय पूजारी (स्थानीय भाषामा "गच्छदार) राजदेव मण्डलले जानकारी दिए ।

हाल यो ग्रामथान बाँसको खुट्टा र माथि पराल र कर्चीले बनेको टाटीले छोपिएको छ । त्यही स्थानमा दुई पाठा, एक पाठी, दुई जोर परेवा, हाँस, फलफूल, मिठाइजस्ता पूजासामग्री गाउँबासीको सहयोगमा जुटाएर पूजा गरिन्छ



बाबु-बाजेका पालादेखि यस्तैमा पूजापाठ हुँदै आएको हो। अरू थानहरूमा स्थानीय सरकारको सहयोगमा संरचना बनाइएको भए पनि यस ग्रामथानमा कसैले सहयोग नगरेकोले पुरानै अवस्थामा रहेको ६० वर्षीय किसनलाल पासवानले बताए ।

**६. राजा महुर र रानी दयावती ग्रामथान**

धनपालथान गाउँपालिका वडा नं. ३ टिटैहिया टोलमा, सडकदेखि पूर्वपट्टि बाँसको घारीमा यो ग्रामथान अवस्थित छ । यहाँ इँटाको पर्खाल र टिनको छानासहित तीनवटा साना साना दक्षिणमुखी ग्रामथानहरू छन् ।

पश्चिमपट्टि रहेको घरमा स्व. बौलाल थामी र स्व. सतन थामीको पूजा हुन्छ । बीचको घरमा रानी दयावतीको र पूर्वपट्टि राजा माहुरको पूजा गरिन्छ। अगाडि रहेको भकारीमा वैशाख ५ गते गाउँवासीको सहयोगमा पूजापाठ र मेला लाग्ने गर्दछ,७६ वर्षीय धामी अघनु मण्डलले बताए ।

यहाँ १०वर्षअघि नै बलि प्रथा



अन्त्य गरिएको हो। अहिले फलफूल, पूजासामग्री, ठठेलका घडा आदि प्रयोग गरी पूजा गरिन्छ। आदर्श माध्यमिक विद्यालयको जग्गाबाट २ कट्ठा थानको नाममा छुट्याइएको छ, ५० वर्षीय रणवीर सिंहले जानकारी दिए ।

धामी मण्डलका अनुसार, पूरानो कथनअनुसार थानबाट एक कुखुरा निस्केको थियो। त्यसलाई युवाहरूले लखेट्दा गाउँभर हैजाको महामारी फैलिएको विश्वास छ ।

**७. भलुवा राजा ग्रामथान, बेतौना**

धनपालथान गाउँपालिका वडा नं. ३ को बेतौनामा सडकदेखि पश्चिमतर्फ भलुवा राजा ग्रामथान रहेको छ। इँटाको पर्खाल र टिनको छाना भएको यो ग्रामथानमा दक्षिणमुखी तीनवटा र पश्चिम मुखी तीनवटा साना कोठाहरू रहेका छन् ।

यहाँ प्रत्येक वर्ष वैशाख १ गते पूजापाठ गरिन्छ, ५५ वर्षीय छेदीलाल मण्डल (धामी) ले जानकारी दिए ।

चैत महिनामा निशी पूजा (राति १२ बजे) पनि गरिन्छ ।यस पूजामा एक पाठा, तनि जोर परेवा, १४ वटा अण्डा, ३० काइयो केरा, मिठाइ, लड्डु




आदि प्रयोग गरिन्छ ।

करिब चा।कट्ठा सरकारी जमिनमा रहेको यस ग्रामथानमा हरेक वर्ष वैशाख १ गते पूजापाठ हुने गर्दछ । त्यसबाहेक अन्य दिनहरूमा पनि साँझ बत्ती बाल्ने तथा भाकल पूरा भएपछि पूजापाठ गर्न मानिसहरू आउने गरेको ६८ वर्षीय वेचन मण्डलले बताए ।

**८. भगवती थान, मायागञ्ज**

मोरङ जिल्लाको धनपालथान गाउँपालिका-३ मायागंजमा रहेको भगवती थानमा बाँतर जातिहरु पौराणीक कालदेखि नै पूजाअर्चना गर्दै आईरहेको किम्दन्ती छ । बाँतर जातीले नयाँ वर्षको आगवनलाई बैशाख १ गते स्वागत गरी बृद्धबृद्धारुस"ग आर्शिवाद लिने चलन भएपनि बाँतर जाती बसोवास रहेको गाउँमा ग्रामथानहरुमा जेष्ठ १ गते सम्म पूजाअर्चना एवं मेला महोत्सव लगाउने परम्परा रहेको



जानकार चन्द्रकुमार सरदारका अनुसार सामूहिक चन्दा ( भेर)सक्लनगरी भगवती थानमा दुर्गा, काली, सरस्वती, लक्ष्मी, दिदीबहिनीलाई पूजाअर्चना गरिन्छ ।

बाँतर जातिका ७० वर्षीय अर्का जानकार बोकु सरदारका अनुसार बैशाख महिना भरी ग्रामथानहरुमा मेला महोत्सव लगाउ"ने र बोका, परेवा लगायत फलपूल चढाउ"ने गरेको पाईन्छ । तर धनपालथानको वडा नं: ३ मायागंजमा रहेको भगवती थानमा बैष्णबी पूजाअर्चना गरिन्छ । बा"तर जातिका महिलाहरुले विशेष गरेर घरका भित्ताहरुमा विभिन्न प्रकारका चित्र त्यस दिन बनाउने प्रचलन छ । सोही दिन आ-आफ्ना ईष्टमित्र हरुलाई बोलाई शुभकामना अदान-प्रदान गर्ने र मिठो परिकार बनाई खानपिन गराउने चलन छ ।

## लागुऔषध सहित १० पक्राउ

विराटनगर । झापा, मोरङ र सुनसरीबाट लागू औषध सहित १० जनालाई प्रहरीले पक्राउ गरेको छ ।

फागुन १ गते झापाको गौरीगंज गाउँपालिका-२ स्थितमा प्रहरी चौकी कोरोबारी बाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा मे.१० प ८४३२ नम्बरको स्कुटि चालक कमल गाउँपालिका- ५ का संजोक राई र स्कुटी पछाडी सवार सुर्य बहादुर वि.क.लाई ४२ ग्राम ८१० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो ।

त्यस्तै इलाका प्रहरी कार्यालय अनारमनी र लागू औषध नियन्त्रण ब्युरो काँकडभिट्टाले बिर्तामोड-२ बाट सोहि स्थानका गोबिन्द बस्नेत, तिलक बुढाथोकी, टंक गिरी, उदय साहलाई ८ ग्राम ४४० मिलिग्राम सहित र कनकाई- ८ बाट सोहि स्थानका अजय राजवंशीलाई २ ग्राम ४७० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो ।

त्यस्तै मोरङको बिराटनगर-१५ बाट इलाका प्रहरी कार्यालय रानी र लागू औषध नियन्त्रण ब्युरो बिराटनगरले सुन्दरहरैचा-६ का सरोज चौलागाईलाई ३ ग्राम सहित नियन्त्रणमा लिएको हो भने सुनसरीको धरान-१० बाट अस्थायी प्रहरी चौकी श्यामचौकले सन्दिप राई र भुमिका बर्देवालाई ट्रामाडोल र स्पास्पेन गरी जम्मा ४१६ ट्याब्लेट सहित नियन्त्रणमा लिएको हो । पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको छ ।




वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौं ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

वडा अध्यक्ष : प्रकाश साह

१५ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश

वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौं ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

वडा अध्यक्ष : बासु ब. बस्नेत

३ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश

# मोरंग-४ का उम्मेदवार घिमिरेद्धारा प्रतिवद्धता सार्वजनिक



विराटनगर । नेपाल कम्युनिष्ट पार्टी (एमाले) मोरंग क्षेत्र नं. ४ को उम्मेदवार जीवन घिमिरेले प्रतिवद्धता सार्वजनिक गरेका छन् । प्रतिवद्धता सार्वजनिक गर्दै भने फागुन २१ गते हुन गई रहेको प्रतिनिधिसभा नेकपा एमाले पहिलो पार्टी बन्दैछ त्यसमा म पनि निर्वाचित भएर जादैछु मैले गरेको प्रतिवद्धता पुरा गर्ने वताए ।

प्रतिवद्धताहरू

१ संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख ऐन कानून निर्माणमा पहल गरिनेछ ।

२. भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारी नीति निर्माण र कार्यान्वनमा जोड दिनेछु ।

३. भाद्र २३ र २४ गतेका दिन ध्वस्त भएका संरचना पुननिर्माण गर्न पहल गर्नेछु ।

४. कटहरी, ग्रामथान र बेलबारीका ग्रामिण क्षेत्रहरूलाई तरकारी पकेट क्षेत्र घोषणा गरी बजारको प्रबन्ध गरिनेछ ।

५. ग्रामथानको झोराहाटमा कोल्ड स्टोर स्थापनाको लागि पहल गर्नेछु ।

६. मोरङ, सुनसरी र झापाकै गौरबको तमोर-चिसाङ डाइभर्सन परियोजना सञ्चालन गर्न पहल गरिनेछ ।

७. तत्काल सिचाइँको लागि आवश्यकता अनुसार डीप बोरिङको प्रबन्ध गर्न पहल गर्नेछु ।

८. किसानले विऊबिजन, मलखाद समयमा नै नपाउने अवस्थाको अन्त्य गर्नेछु ।

९. सिंधिया नदीको घिनाघाटदेखि जतुवा खण्डसम्मको भूभागलाई सौन्दर्यकरण गरी पर्यटन केन्द्रको रुपमा विकास गर्नेछु ।

१०. बेलबारीको धनपालथान तथा कटहरीको बालुघाट, ग्रामथानको बजरंगबलीलाई पर्यटकीय स्थलको रुपमा विकास गरिने छ ।

११. विराटनगरमा आइटी हब बनाई युवा रोजगारी सृजनाको लागि पहल गरिने छ ।

१२. रोजगार बैंकको अबधारणा कार्यान्वयनमा जोड दिइने छ ।

१३. श्रम बजारको आवश्यता बुझी युवा पुस्ता लक्षित प्राविधिक सिपमुलक तालिम सञ्चलन गरिनेछ ।

१४. बेलबारी, ग्रामथान र कटहरी गाउँपालिकामा १०० बेडको अस्पताल स्थापना र सञ्चालन गर्न पहल गरिनेछ ।

१५. प्रदेश र संघिय सरकारसँग समन्वय गरी सस्तो र गुणस्तरीय सेवा प्रदान गर्न कोशी कोभिड अस्पताललाई पूर्ण क्षमतामा सञ्चालन गरिनेछ ।

१६. वैजनाथपुर रंगशालालाई स्तरउन्नति गरी पूर्ण क्षमतामा सञ्चालनमा गरिने छ ।

१७. ग्रामथानमा जेष्ठ नागरिक ग्राम निर्माण कार्यलाई अघि बढाउन पहल गरिने छ ।

१९. जनता आवास कार्यक्रम मार्फत घरवारबिहिनहरूलाई बसोबासको प्रबन्ध गरिने छ ।

१९. ग्रामथानमा सडियो धामीको नाममा थारु संग्रहालय तथा होमस्टे निर्माण गर्न पहल गरिनेछ ।

२०.. अब्यबस्थित बसोबासी, भूमिहिन तथा सुकुम्बासी समस्याको समाधानको लागि जग्गा धनीपुर्जा वितरण गर्न पहल गरिने छ ।

२१. अधुरो रहेको विराटनगर रिङ्गरोडको निर्माण कार्य सम्पन्न गरि सञ्चालन गर्न पहल गरिनेछ ।

२२. नेताचोक, कसेनी हुँदै केरौनजाने नहरको बाटो कालोपत्रे गर्न पहल गरिनेछ ।

२३. नयाँ बजार-भौडाहा-थलाहा-मोतीपुर हुँदै बेलबारी जाने बाटो निर्माणका लागि पहल गरिनेछ ।

२४. सिंधिया, लोहन्द्रा र चिसांग खोलाको कटान क्षेत्रमा तटबन्धको प्रबन्ध गरिनेछ ।

२५. बारू, सतार, मुसहर, झागड, बातर, मुस्लिम, लगायत सिमान्तकृतहरूको भाषा, संस्कृतिको सरक्षण गरिनेछ ।

२६. कटहीमा रेलवे स्टेसन निर्माण गरी भारतको बथनाहादेखि कटहीसम्म रेलसेवा सञ्चालन गरिनेछ ।

२७. बेलबारी वडा नं. ५ र ६ जोड्ने झोलुङ्गे पुल निर्माण गरिने छ ।

२८. बिराटनगर, कटहरी, ग्रामयान र बेलबारीका डुवान हुने क्षेत्रहरूमा बाढी निकासको यथोचित प्रबन्ध गरिनेछ ।

२९. वर्तमान सरकारले स्वास्थ बिमा वापत प्रदान गर्दै आएको सुबिधा कटौती गरि रु. २५ हजार निर्धारण गरेकोमा पून २८. एक लाख नै कायम गरिने छ ।

३०. सामाजिक सुरक्षा कार्यक्रम लाई थप प्रभावकारी बनाई श्रमिकहरुको हितको रक्षा गरिनेछ ।

३१. स्वदेशी उद्योगी तथा व्यवसायीहरूलाई प्रोत्साहन गर्न लागनीमैत्री वातावरण तयार गरी वैदेशिक लगानी भित्र्याउन पहल गरिनेछ ।

३२. स्रष्टाहरूको सम्मानमा विशेष कार्यक्रमहरू सञ्चालनका लागि पहल गरिनेछ ।

३३. सामुदायिक तथा संस्थागत बिद्यालयहरूको शैक्षिक गुणस्तर सुधारको नीतिगत ब्यबस्था गरिनेछ ।

उम्मेदवार घिमिरेले प्रतिवद्धता सार्वजनिकसंगै कोशी प्रदेश सभा सदस्य र मन्त्री भएको वेला गरेका जनमुखी कामहरको फेहरिस्त प्रस्तुत गरेका थिए ।




# खाना पचाउने घरेलु उपाय

खाएको कुरा नपचेर हैरान हुनुभएको छ भने घरमै यस्ता प्रयास गर्न सक्नुहुन्छ :

- अदुवाको एउटा टुक्रामा केही थोपा कागतीको रस र अलिकति बिरे नुन मिसाएर खाने गर्नुस् । पत्त अबलअभच
- पुदिना, धनियाँ, हरियो खुर्सानी, अदुवा, कागतीको रस आदि मिसाएर बनाएको ताजा अचार खानासँग खाने गर्नाले पाचनशक्ति बलियो हुन्छ ।
- मनतातो पानीमा मह र कागतीको रस मिसाई खाली पेटमा खाने गर्नाले अपचको समस्या क्रमश: कम हुँदै जान्छ ।
- खाना राम्रोसँग पच्दैन भने खाँदाखेरि धेरै चपाएर खाँदा पाचन राम्रो हुन्छ ।
- पाचन बलियो नहुनुको मतलब तपाईंको कलेजो त्यति स्वस्थ छैन । त्यसैले मजिराजन्य पदार्थ छुँदै नछुनुस् । पाचन प्रणालीका लागि यो विषतुल्य हुन्छ। गाँजर, चुकन्दर,सागसब्जी र फलफूलजस्ता कलेजोलाई स्वस्थ बनाउने खाना हरेक दिने खाने बानी बसाल्नुपर्छ ।
- पाचनशक्ति कमजोर हुनेहरूको शरीरमा पानीको मात्रा कम हुन्छ। यसले पाचनक्रियालाई समेत असर गर्ने भएकाले पानी प्रशस्त पिउने गर्नुपर्छ ।
- बढी तनाव लिनुभयो भने पनि पेट ढुस्स फुल्ने, खाएको नपच्ने आदि हुन्छ। तनावले मन र दिमागलाई मात्र होइन, पाचनलगायत शरीर का समग्र प्रणालीलाई नै असर गरि रहेको हुन्छ। त्यसैले तनाव कम गर्न योग, प्राणायाम, ध्यान आदि गर्ने बानी बसाल्नुपर्छ ।
- आयुर्वेद चिकित्सकको सल्लाहमा घ्यूकुमारीको जुस खाने गर्नुहोस् ।
-अमला खाने गर्नाले पाचनशक्ति बलियो हुन्छ ।

## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

वडा अध्यक्ष : सुर्यलाल यादव

१३ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश

# महिला उद्यमी र उदयीमान अवसर सम्बन्धि अभिमुखिकरण

विराटनगर । मोरङ उद्योग व्यापार संघको महिलाउद्यम समितिले उदय परियोजना सहजीकरण ईकाई, कोशी प्रदेश सँगको सहकार्यमा 'कोशी प्रदेशका महिला उद्यमी र उदयीमान अवसरहरु' (उमेन आन्टरप्रेनर्स एण्ड इमर्जीङ अपर्चुनिटिज इन कोशी प्रोभिन्स) विषयक अभिमुखिकरण शुक्रवार सम्पन्न गरेको छ ।

कार्यक्रममा प्रमुख अतिथि संघका वरिष्ठ उपाध्यक्ष अनिलकुमार साहले महिला उद्यमशीलताको विकास एवं प्रवर्द्धनका लागि संघको महिला उद्यम समितिले खेलिरहेको भुमिका प्रशंसनीय रहेको उल्लेख गर्दै उदय परियोजना समेतको समन्वयमा समितिले कोशी प्रदेशका उदयीमान अवसरहरुको पहिचान गराई महिला उद्यमीहरुलाई लाभान्वित तुल्याउने उद्देश्यले संचालन गरेको अभिमुखिकरण कार्यक्रम प्रभावकारी रहेको र सो प्रकारका कार्यक्रमलाई निरन्तरता दिन संघ प्रतिवद्ध रहेको जानकारी गराएका थिए ।

कोशी प्रदेशका महिला उद्यमीहरुको वित्तीय व्यवस्थापन, बचत, लगानी, अवसरहरुको पहिचान तथा व्यवसायिक दिगोपनामा सकारात्मक योगदान पुऱ्याउने उद्देश्यका साथ आयोजित उक्त अभिमुखिकरणमा उदय परियोजना मार्फत साना तथा मझौला उद्यमहरुका लागि आवश्यक पुँजी उपलब्ध गराउने प्रकृया, माध्यम लगायतका विषयहरु समेटीएको थियो । उक्त कार्यक्रममा उदय परियोजना सहजीकरण ईकाई, कोशी प्रदेशले अभिमुखिकरण प्रदान गरेको थियो ।

महिला उद्यमीहरुको सशक्तिकरण नै समग्र समाज र राष्ट्रको आर्थिक समृद्धिको आधार हो भन्ने विश्वासका साथ महिलाहरुले आफ्नो लगनशीलता, सिर्जनशीलता र मेहनतबाट व्यवसायिक क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरिरहेको उदृत गर्दै शर्माले आजको कार्यक्रमले पनि महिला उद्यमीहरुलाई ज्ञान र प्रेरणाहरुले मार्गदर्शन प्रदान गर्न, नयाँ अवसरहरु पहिचान गर्न, आफ्नो व्यवसाय विस्तार गर्न तथा आर्थिक रुपमा अझ सशक्त बन्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरेको थियो ।

संघका निवर्तमान अध्यक्ष एवं नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य नवीन रिजाल, आर्थिक मामिला तथा योजनामन्त्रालय, कोशी प्रदेशकी वित्त तथा वित्तीय क्षेत्र व्यवस्थापन शाखा प्रमुख राजकुमारी राई, उद्योग, कृषितथा सहकारी मन्त्रालयका प्रतिनिधि, उदय परियोजना सहजीकरण ईकाई, कोशीप्रदेशका विडीएस लिड विष्णु काफ्ले, रिस्क सेयरिङ लिड उत्सव घिमिरे, टिएएफ लिड मोहन गौतम लगायतका प्रतिनिधिहरु, मोरङ उद्योग व्यापार संघका पदाधिकारीहरु, कार्यसमिति सदस्यहरु सहित उक्त कार्यक्रममा विभिन्न स्थानीय निकायका उद्यम विकास समितिका प्रतिनिधिहरु, विभिन्न संघ-संस्थाका महिला

वांकी अन्तिम पेजमा...

## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

वडा अध्यक्ष : जीतन थापा

४ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश

# एभरेष्ट साइन्स सेन्टरको रजत जयन्ती, मुख्य आकर्षक नासाका वैज्ञानिक



विराटनगर । एभरेष्ट साइन्स सेन्टर नेपाल, शान्तिवनले आफ्नो २५औं वार्षिकोत्सव (रजत जयन्ती) माघ २६ देखि २८ गतेसम्म विविध कार्यक्रमका साथ भव्य रूपमा सम्पन्न गरेको छ । पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेशको सहकार्यमा सम्पन्न भएको आयोजकले जनाएको छ ।

रजत जयन्ती समारोहको मुख्य आकर्षणका रूपमा अमेरिकाको अन्तरिक्ष संस्था नासाका वरिष्ठ वैज्ञानिकहरूको विशेष प्रस्तुति रहेको थियो । विज्ञान तथा अन्तरिक्ष सम्बन्धी समसामयिक विषयमा केन्द्रित प्रस्तुति तथा अन्तर क्रियात्मक सत्रले विद्यार्थी, शिक्षक तथा विज्ञान प्रेमीहरूलाई प्रत्यक्ष रूपमा लाभ पु-याएको विश्वास गरिएको छ । कार्यक्रममा अन्तरिक्ष अनुसन्धान, आधुनिक प्रविधि तथा भविष्यका वैज्ञानिक सम्भावनाबारे जानकारी प्रदान गरिएको थियो ।

कार्यक्रम अवधिभर विभिन्न प्रयोगात्मक तथा आकर्षक वैज्ञानिक गतिविधिहरू प्रदर्शन गरिएका थिए । सहभागी विद्यार्थीहरूले प्रत्यक्ष रूपमा वैज्ञानिक प्रयोगमा

वांकी अन्तिम पेजमा...

# लागुऔषध ब्राउन सुगर सहित ११ पक्राउ

विराटनगर । मोरङ, झापा र सुनसरीको बिभिन्न स्थानहरु बाट प्रतिबन्धित औषधी र लागू औषध ब्राउन सुगर सहित ११ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

माघ २९ गते विशेष सूचना को आधारमा इलाका प्रहरी कार्यालय रंगेली मोरङबाट खटिएको प्रहरी टोलीले रंगेली नगरपालिका-४ चोप्राहाका २६ वर्षीय विपिन कुमार मण्डललाई ६ ग्राम ४ सय ३० मिलिग्राम लागू औषध ब्राउन सुगर सहित रंगेली-७ स्थितबाट पक्राउ गरेको थियो ।

यसैगरी इलाका प्रहरी कार्यालय तरहरा सुनसरीले इटहरी-२० स्थितबाट सोही स्थानका इमन याख्वा, सुजन राई र निमा घलेलाई प्रतिबन्धित औषधी ८० चक्की सहित, अस्थायी प्रहरी पोष्ट बस पार्क ईनरुवाले इटहरी-१८ का २४ बर्षीय परमेश्वर चौधरीलाई १ ग्राम ३० मिलिग्राम ब्राउन सुगर सहित र सुनसरीको अस्थायी प्रहरी चौकी जनताबस्तीले धरान-५ का फुर्वा तामाङलाई प्रतिबन्धित औषधी ५२ चक्की सहित इटहरी-५ बाट नियन्त्रणमा लिएको थियो ।

माघ २८ गते झापाको इलाका प्रहरी कार्यालय गौरीगंजबाट खटिएको प्रहरी टोलीले गौरीगंज-२ स्थितमा मे १ ह ५६६७ नम्बरको ओटो टेम्पुलाई संका लागी चेकजाँच गर्दा अटोको म्याट भित्र ६ ग्राम ०९ मिलि ग्राम ब्राउन सुगर

वांकी अन्तिम पेजमा...

## कस्तो...

निर्वाचन त गराए तर मतदाताको सहभागिता २० प्रतिशत मात्र भयो । २०५४ सालको स्थानीय तहको निर्वाचन पछि झण्डै २० वर्षसम्म स्थानीय चुनाव नै भएन ।

२०७४ सालमा स्थानीय तहको चुनाव भयो । त्यसको पाँच वर्षपछि २०७९ सालमा चुनाव भयो । अब २०८४ मा हुने स्थानीय तहको चुनावमा पनि कस्ता जनप्रतिनिधि छान्ने ? भनेर जनताले निर्णय गर्ने दिन नजिकै आउन लागेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना पछि पनि ठुला राजनीतिक दलहरुका व्यवहारमा आशातित सुधार हुन सकेको छैन । दलहरु भित्रै लोकतान्त्रिक मूल्य र मान्यताको विकास भएको पाइँदैन । दलभित्रको आन्तरिक लोकतन्त्रीकरण झन् उदेकलाग्दो छ । सामन्तवादको धङधडि र जडसूत्रवादी सोंच कायमै छ । पार्टीभित्र शीर्ष नेतृत्वलाई रिझाउन सकेमा मात्र टिकट पाइने मनोविज्ञान आमकार्यकर्ताको छ । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प, भारतका प्रधानमन्त्री नरेन्द्र मोदीका कतिपय प्रवृत्तिप्रति रचनात्मक आलोचना गर्न रुचाउनेहरु नेपालका शीर्ष नेताहरु शेरबहादुर देउवा, केपी शर्मा ओली, पुष्पकमल दाहाल प्रचण्डदेखि राजेन्द्र लिङदेनसम्म किन नकारात्मक दृष्टि राख्छन् ? यसको वैज्ञानिक समीक्षा गर्न कोही चाहँदैन । समाचार च्यानलहरु, युट्युब, टेलिभिजनमा शीर्ष भनिएका नेताहरुका फोटो देख्यो की हेर्नै मन नलाग्ने र नकारात्मकता जाग्ने अवस्था कसरी श्रृजना भयो ? समीक्षा गर्न जरुरी छ ।

पछिल्लो समय एउटा भनाइ निकै चर्चित छ, भोट हाल्ने बेला दारु र मासु खाएर हाल्ने अनि बिकास भएन देश बनेन भनेर रोइलो गर्ने ? यो व्यंग्य भनौं वा प्रश्न मतदाताको भूमिकाप्रति हो । कस्तो जनप्रतिनिधि छनौट गर्ने भन्ने अधिकार सार्वभौम जनतामै निहीत छ । त्यसैले कस्तो जनप्रतिनिधि निर्वाचित गर्ने भन्ने निर्णयमा आमनागरिक अर्थात मतदाताको ठूलो भूमिका छ ।

नेपालको संविधान २०७२को धारा ४८ मा नागरिकका कर्तव्य उल्लेख छ । उक्त धारामा लेखिएको छ- प्रत्येक नागरिकका कर्तव्य राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौम सत्ता र अखण्डताको रक्षा गर्ने, संविधान र कानूनको पालना गर्ने, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्ने र सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने हुनेछन् ।

स्थानीय तहमा उम्मेदवार चयन गर्दा स्थानीय आवश्यकता सँगै सम्भावनाको खोजी गर्न सक्ने व्यक्ति हो की होइन ? त्यसमा पनि ध्यान दिनुपर्छ । स्थानीय उत्पादनको बजारीकरण, स्थानीय उत्पादनमा आधारित रोजगारी सिर्जना गर्न सक्ने भूमिकाका लागि सक्षम हो, होइन ? त्यसमा विचार गर्नुपर्छ ।

स्थानीय आवश्यकतामा आधारित विकासमा यसको ठोस योजना के छ ? मतदाताले उम्मेदवारसँग कार्ययोजना माग्नु पर्छ । शिक्षामा सुधार गर्ने हो भने शिक्षा प्रणालीका कमजोरी थाहा भएको हुनुपर्छ । कसरी शिक्षा प्रणाली सुधार गर्न सकिन्छ ? त्यसमा स्पष्ट भिजन हुनुपर्छ । हामीले जनप्रतिनिधि छनौट गर्दा स्वच्छ छवि भएको, सुशासनमैत्री र जुन तहको प्रतिनिधित्व गर्ने हो सोही तहको विकासको सामान्य समझ भएको व्यक्तिलाई निर्वाचित गराउने मतदाताको रुपमा हाम्रै भूमिका हैन र ?

भोट हाल्ने बेलामा मायालाग्दो अनुहार, आफ्नो पार्टीको, मिठो बोली भएको छान्ने अनि आशा चाहिँ विकासको गर्ने ? कागती रोपेर सुन्तला उम्रँदैन । त्यसैले मतदाताले विगतमा मतदान गर्दा भएको भुल दाहोर्याइरहनु हुँदैन । पटक-पटकको गल्तिले एकातिर हामी, हाम्रो क्षेत्र त पछाडि पर्छ नै, भावी सन्ततिको भविष्य समेत अन्धकारमा भासिन्छ ।

कस्ता उम्मेदवार छान्ने भन्ने निर्णय अन्ततः मतदाताकै विवेकमा भर पर्छ। संविधानले नागरिकका कर्तव्य स्पष्ट गरेको छ- संविधान र कानुनको पालना, राष्ट्रिय हितको रक्षा र सार्वजनिक सम्पत्तिको संरक्षण यी कर्तव्य मतदानका बेला सबैभन्दा अर्थपूर्ण हुन्छन् । मतदानका बेला उम्मेदवार छान्दा मतदाताले उम्मेदवारको अनुहार, भाषण वा पार्टीको झन्डाभन्दा धेरै गहिरो कुरा हेर्नुपर्छ ।

उम्मेदवारले स्थानीय समस्या बुझ्छ कि बुझ्दैन, शिक्षा, स्वास्थ्य, रोजगारी र स्थानीय उत्पादनबारे स्पष्ट सोच राख्छ कि राख्दैन, समस्या पहिचान गरेर व्यवहारिक समाधान प्रस्ताव गर्न सक्छ कि सक्दैन, यी सबै प्रश्नको उत्तर खोज्नुपर्ने हुन्छ ।

उम्मेदवारले के कस्ता योजना बनाएको छ ? भन्नेभन्दा पनि उम्मेदवारको पृष्ठभूमि कस्तो छ ? के कस्तो व्यवहार देखाएको छ भन्ने अझ महत्वपूर्ण हुन्छ । सार्वजनिक पदमा नहुँदा पनि सामाजिक उत्तरदायित्व देखाएको छ कि छैन, पारदर्शी जीवनशैली छ कि छैन, आलोचना सहने संस्कार छ कि छैन, यिनै आधारले भोलिको जनप्रतिनिधिको चरित्र तय गर्छन् । मिठो बोली, भावनात्मक नाराहरू र आकर्षक आश्वासन ले क्षणिक प्रभाव पार्न सक्छन्, तर तिनले हामीले चाहेको जस्ते दिगो विकास र सुशासन सुनिश्चित गर्दैनन् ।

एकपटकको गलत निर्णयले केवल एउटा निर्वाचन अवधि मात्र होइन, पूरै क्षेत्रको भविष्य प्रभावित हुन्छ । गलत प्रतिनिधिले क्षेत्रलाई पछि धकेल्छ र त्यसको मूल्य भावी पुस्ताले तिर्नुपर्छ । त्यसैले मतदान गर्दा विगतका गल्ती दोहोर्याउने छुट अब छैन । लोकतन्त्र बलियो बन्न स्वच्छ, स्वतन्त्र, विश्वसनीय र जवाफदेही उम्मेदवारको चयन अनिवार्य छ । परिवार, पार्टी र गुटको घेराभन्दा माथि उठेर देश र जनताको हितलाई प्राथमिकता दिने व्यक्ति नै आजको आवश्यकता हो ।

लोकतन्त्रको वास्तविक शक्ति मतपत्रमा हुन्छ । त्यस मतपत्र प्रयोग गर्दा विवेक, चेतना र जिम्मेवारी मिसिएन भने लोकतन्त्र केवल औपचारिक अभ्यासमा सीमित हुन्छ । त्यसैले यसपटक चुनावमा प्रश्न एउटै हुनुपर्छ- यो व्यक्ति जितेपछि म, मेरो समाज र क्षेत्र पाँच वर्षपछि कहाँ हुनेछ/हुनेछौं ? यही प्रश्नको इमानदार उत्तरले मात्र सही उम्मेदवार छनोट गर्न मद्दत गर्नेछ ।

- बेल्बासे समाजशास्त्रका विद्यार्थी हुन् । अनलाईन खबरबाट सभार


तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

वडा वासीहरुको लागि जनहितमा जारी सूचना
- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।
वडा अध्यक्ष : हरीश चन्द्र सहनी
६ नं. वडा कार्यालय, विराटनगर महानगरपालिका, मोरंग, कोशी प्रदेश

वडा वासीहरुको लागि जनहितमा जारी सूचना
- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।
वडा अध्यक्ष : संतोष न्यौपाने
५ नं. वडा कार्यालय, विराटनगर महानगरपालिका, मोरंग, कोशी प्रदेश